दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २०६ | बुटवल | २०८२ साउन ०६ गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday July. 22, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# भूमि विधेयकमा कांग्रेस–एमाले विवाद चर्कियो

### दुई दलका नेता र मन्त्रीसहितको छलफल विना निष्कर्ष सकिंदा अन्योल बढेको छ।





**लुम्बिनी संवाददाता**

*बुटवल*

भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई लिएर सत्ता गठबन्धनका दुई ठूला दलबिच विवाद चर्किएको छ। सत्ता नेतृत्वकर्ता नेकपा एमाले यो विधेयक अहिलेकै अवस्थामा संसद्बाट पारित गर्नुपर्ने पक्षमा छ। तर नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले त विधेयक समितिमा छलफल गर्नुपर्ने मागसहित संशोधन हालेका छन्।

यही विषयमा सोमबार नेपाली कांग्रेसको संसदीय दलको कार्यालयमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री बलराम अधिकारीलाई बोलाएर छलफल गरेको थियो। छलफलमा नेपाली कांग्रेसका तर्फबाट महामन्त्री गगनकुमार थापा, गृहमन्त्री रमेश लेखक, प्रमुख सचेतक श्यामकुमार घिमिरेसहितका नेता सहभागी थिए। उता एमालेका तर्फबाट भने मन्त्री अधिकारी र मुख्य सचेतक महेश बर्तौला सहभागी थिए। दुई दलका नेता र मन्त्रीसहितको छलफल निष्कर्षबिनै सकिएको छ।

कांग्रेसका तर्फबाट छलफलमा संशोधन हाल्ने सांसदहरू दीलेन्द्र बडू, प्रतिमा गौतम, सरस्वती बजिमय, मैना कार्की, राजेन्द्र केसी, नागिना यादव, आशा विक, रमा पौड्यालगायत पनि सहभागी थिए।

छलफलमा एमालेका तर्फबाट उपस्थित मुख्य सचेतक बर्तौलाले यसलाई सोझै सदनमा पेस गर्ने प्रस्ताव गरेका थिए।

'एमालेले फेरि उही कुरा दोहोऱ्याएर सोझै सदनमा पेस गरौं र पास गरौं भन्यो,' छलफलमा सहभागी कांग्रेसका एक सांसदले भने-'तर हामीले यो हुनै सक्दैन छलफलका लागि समितिमा लैजानुपर्छ त्यसमाथि पनि हामीले संशोधन हालिसकेको अवस्था छ भनेर आफ्नो कुरा राख्यौं।'

यसमा कांग्रेसका महामन्त्रीद्वयसहितले संशोधन हाल्दै भूमिहीन दलित र भूमिहीनलाई एकै ठाउँमा राख्नुपर्ने, अव्यवस्थित बसोवास गर्नेलाई अर्को समूहमा राख्नुपर्ने माग राखेका छन्।

यो विधेयकमा छलफल र यसको प्रावधानबारे अझै अध्ययन नगरी नहुने र दफाबार छलफल नगरी सोझै सदनबाट पारित गर्ने कुरा स्वीकार्य नहुने संशोधनकर्ता महामन्त्री थापाले बताए।

भूमि विधेयकलाई यसअघि नै सदनमा निर्णयार्थ पेस गर्न लागिएको थियो। सोहीअनुसार संसद्को कार्यसूचीमा राखिएको थियो। तर महामन्त्रीद्वयले आपत्ति जनाएपछि कार्यसूचीबाट हटाइएको थियो।

थापा र शर्माले हदबन्दी छुट पाएको झापाको चिया उद्योगको जग्गामा घर, जग्गा तथा घडेरीको व्यवसाय रोक्न माग गर्दै संशोधन हालेका हुन्।उनीहरूले हालेको संशोधन प्रस्तावमा प्रचलित कानुनबमोजिम हदबन्दीको छुट लिँदा कुनै कृषि फार्म, चिया उद्योग जस्ता व्यवसायिक कृषि उद्योग, प्रतिष्ठान, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि प्रयोजनको लागि भनि छुट लिएको वा स्वीकृती लिएको जग्गा सोही प्रयोजनको लागि तोकिएको शर्तबमोजिम उपयोग नगरी खाली (बाँझो) राखेको वा फरक प्रयोजनमा प्रयोग गरेको वा पछि घर जग्गा व्यवसायको कम्पनी खडा गरी सो कम्पनीको नामबाट उक्त जग्गामा घर जग्गा व्यवसाय गरेको वा त्यस्तो व्यवसाय गर्न स्वीकृति लिएको वा स्वीकृतिका लागि निवेदन दिएको रहेछ भने पनि पहिले कृषि, उद्योगलगायत अन्य प्रयोजनका लागि छुट वा स्वीकृति लिएको सो जग्गामा घरजग्गा व्यवसाय गर्न, घडेरी वा त्यस्तो घडेरीमा घर आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी यस दफा बमोजिम बेचबिखन गर्न पाइने छैन भन्ने विषय उल्लेख छ।

तर सरकारले ल्याएको विधेयकमा यसरी अनुमति प्राप्त घरजग्गा व्यवसाय गर्ने कम्पनीको नाममा जग्गा भए 'जग्गा विकास गरी विकसित घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ निर्माण गरी बिक्री गर्न कुनै बाधा नपर्ने' उल्लेख छ। कांग्रेसका थापा र शर्माले यही प्रस्तावित व्यवस्थाकै तल जुन प्रयोजनका लागि जग्गा लिएको भए पनि घरजग्गा व्यवसाय गर्न नपाउने प्रतिबन्धित वाक्यांश राख्न संशोधन दर्ता गरेका हुन्। हालको भूमिसम्बन्धी ऐनमा निरन्तर सञ्चालनमा रहेका उद्योग प्रतिष्ठान कम्पनी वा संस्था सञ्चालन गर्न अत्यावश्यक भई हदबन्दीभन्दा बढी जग्गा खरिद गरेको भए तीन महिनाभित्र एकपटकका लागि हदबन्दीभन्दा बढी जग्गा आवश्यक भएको औचित्य पुष्टि गर्न स्वीकृतिका लागि निवेदन दिनुपर्ने व्यवस्था छ।

यस्तो निवेदन दिँदा तराई र भित्री मधेसको हकमा प्रति बिगाहा एक लाख पचास हजार रुपैयाँ, काठमाडौं उपत्यकामा प्रति रोपनी पचास हजार रुपैयाँ र अन्य पहाडी क्षेत्रको हकमा प्रति रोपनी दश हजार रुपैयाँको दरले दस्तुर तिरेर हदबन्दी भित्रको जग्गा राख्न स्वीकृत दिने व्यवस्था छ। तर घर जग्गा व्यवसायबाहेक अन्य प्रयोजनको लागि प्राप्त गरेको वा स्वीकृति लिएको जग्गा बिक्री गर्न नपाइने उल्लेख छ।

यसविषयमा मंगलबार पनि छलफल हुने संशोधनकर्ता सांसद प्रतिमा गौतमले जानकारी दिइन्।

भूमि विधेयककै विषयलाई लिएर जनता समाजवादी पार्टी नेपाललले सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रतिपक्षी कित्तामा आइसकेको छ। जसले गर्दा सरकारले प्रतिनिधि सभामा दुई तिहाई र राष्ट्रिय सभामा बहुमत गुमाइसकेको छ। विश्लेषकहरुले सरकारले ल्याएको विधेयक प्रधानमन्त्री केपी ओलीसँग जोडिएको बहुचर्चित गिरी बन्धु टि स्टेट जग्गा प्रकरणलाई साम्य पार्ने उद्देश्यसँग पनि जोडिएको छ।

## रूपन्देही ३ मा उम्मेदवार बन्न रास्वपाले माग्यो आवेदन




बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले रुपन्देही-३ को प्रतिनिधिसभा सदस्य उप-निर्वाचनका लागि उम्मेदवार छनोट प्रक्रिया साउन ७ गतेबाट सुरु गर्ने भएको छ। रास्वपाको आधिकारिक उम्मेदवार बन्न इच्छुक व्यक्तिले पार्टीको न्यूनतम मापदण्ड र निर्वाचन आयोग नेपालको न्यूनतम कानुनी योग्यता पूरा गरेका व्यक्तिलाई सोही दिन बिहान १० बजेदेखि २१ गते बेलुका ५ बजेसम्म दरखास्त गर्न सकिने बताएको छ।

सोमबार पार्टीले जारी गरेको विज्ञप्तिमा भनिएको छ-'श्रावण ७ बिहान १० बजेदेखि श्रावण २१ गते साँझ ५ बजेसम्म पार्टीको आधिकारिक मोबाइल एप डाउनलोड गरी सोही एपबाट अनलाइन दरखास्त दिन सक्नु हुनेछ।'

यस्तै उप-निर्वाचनसम्बन्धी थप जानकारी आवश्यक भएमा पार्टीको केन्द्रीय निर्वाचन आयोग, लुम्बिनी प्रदेश समिति र रुपन्देही जिल्ला समितिसँग सम्पर्क तथा समन्वय गर्न अनुरोध गरेको छ। निर्वाचन आयोगले कात्तिक १७ गते रुपन्देही-३ मा उप-निर्वाचन घोषणा गरेको छ।

## संविधान संशोधन प्रकृया अघि बढाउन कांग्रेसका सात नेताको माग

बुटवल। नेपाली कांग्रेसका सात शीर्ष नेताले संविधान संशोधनको प्रक्रिया नेपाली कांग्रेस र नेकपा एमालेबिच सरकार गठनका बेला भएको सहमतिअनुरूप अगाडि बढाउनु पर्ने निष्कर्ष निकालेका छन्।

एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकारमा उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री रहेका नेता प्रकाशमान सिंहको निवास चाक्सीबारीमा भएको छलफलमा कांग्रेसका सात पूर्व पदाधिकारीले दुई दलबिचको सात बुँदे सहमतिअनुरूप संविधान संशोधनको प्रक्रिया अगाडि बढाउनुपर्ने निष्कर्ष निकालेका हुन्।

बैठकमा पूर्व उपसभापतिहरू विमलेन्द्र निधि, विजयकुमार गच्छदार र गोपालमान श्रेष्ठ तथा पूर्वमहामन्त्रीहरू कृष्णप्रसाद सिटौला, सिंह र डा.शशांक कोइराला तथा पूर्वसहमहामन्त्री तथा वर्तमान कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत सहभागी थिए।

बैठकपछि पूर्वमहामन्त्री सिटौलाले बैठकले संविधान संशोधनको प्रक्रिया अगाडि बढाउनुपर्ने निष्कर्ष निकालेको जानकारी दिए। 'कांग्रेस एमालेबिचको सात बुँदे सहमतिमा संविधान संशोधनको प्रक्रिया अगाडि बढाउने भनिएको थियो।

त्यो सुरु हुन सकेको छैन,' सिटौलाले भने-'अब संशोधनको प्रक्रिया सुरु गर्नुपर्छ भन्ने हाम्रो निष्कर्ष हो।'

त्यस्तै बैठकमा गठबन्धन सरकारले अझै राम्रो काम गर्नुपर्ने निष्कर्ष पनि निकालेको छ।

उनीहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउने गरी विभिन्न स्थानमा बहस गर्ने निष्कर्ष पनि निकालेका छन्। गठबन्धनको भावनाअनुरूप सरकारले काम गर्नुपर्ने र यही गठबन्धनलाई २०८४ को निर्वाचनसम्म निरन्तरता दिनुपर्ने पनि उनीहरूको निष्कर्ष छ।

सात नेताहरूको बैठक यसअघि श्रेष्ठ र कोइराला निवासमा बसिसकेको छ। सिंहले संयोजन गरेर बैठक बोलाएका हुन्।

महाधिवेशनमा छुट्टै समीकरण गर्ने गरी उनीहरूले बैठक गर्दै आएका छन्। सात नेताका तर्फबाट कांग्रेसको १५औं महाधिवेशनमा एउटा प्यानल बनाउने विषयमा पटक-पटक छलफल भए पनि सहमति हुन सकिरहेको छैन।

## एमालेका पार्टी सदस्य साढे ६ लाख

बुटवल। नेकपा एमालेको पार्टी सदस्य संख्या २८ प्रतिशतले बढेको महासचिव शंकर पोखरेलले जनाएका छन्।

केन्द्रीय कमिटी बैठकमा संगठनात्मक अवस्थाको जानकारी दिँदै महासचिव पोखरेलले पार्टी सदस्य संख्या बढेको बताएका हुन्।

संगठन विभाग सदस्य विशाल भट्टराईका अनुसार बढेको संख्यासहित अब एमालेको पार्टी सदस्य साढे ६ लाख पुगेको छ।

एमालेले कूल मतदाताको ६ प्रतिशत पार्टी सदस्य बनाउने लक्ष्य लिएको छ। त्यसैअनुसार एकपछि अर्को मिसन चलाउँदै आएको छ। जारी बैठकमा बहुमत केन्द्रीय सदस्यहरुले पूर्व राष्ट्रपति विद्य

ा भण्डारी एमालेको सक्रिय राजनीतिमा फर्किन उपयुक्त नहुने धारणा राखेका छन्। कतिपयले भने उपयुक्त हुने धारणा राखेका छन्। केही केन्द्रीय सदस्यले कोषाध्यक्ष पद राख्नुपर्ने माग गरेका छन्।

## अर्घाखाँचीमा बाँदर धपाउन २० जना कर्मचारी




अर्घाखाँची। डिभिजन वन कार्यालय अर्घाखाँचीले बाँदर र बँदेललाई धपाउन २० जना कर्मचारी नियुक्त गरेको छ। जिल्लामा वन व्यवस्थापन कार्यमा सक्रिय रहेका र समूह कोषमा मौज्दात आय राम्रो भएका १० वटा सामुदायिक वन समूहसँगको सहकार्यमा बाँदर र बँदेल हेरालु भर्ना गरेको हो।

वन्यजन्तुजन्य क्षति न्यूनीकरण, किसानको खेती सुरक्षित गर्ने तथा मानव वन्यजन्तु सहअस्तित्व प्रवर्द्धन गर्ने उद्देश्यले बाँदर र बँदेल हेरालुका लागि २० जना कर्मचारी भर्ना गरिएको डिभिजनल वन अधिकृत मोहनप्रसाद श्रेष्ठले जानकारी दिए।उनीहरूलाई सोमबारदेखि नै बाँदर र बँदेलको धेरै आतंक देखिएका गाउँहरू पाली, किमडाँडा, बल्कोट, चिदिका, केरुङ्गा, अड्गुरी, खन, अर्घातोष, पोटुवाथुममा खटाइएको छ।

६ वटा स्थानीय तहका १० वटा क्षेत्रमा दुई-दुई जनाको दरले हेरालु राखिएको श्रेष्ठले बताए।

हेरालुले मासिक १० हजार रुपैयाँ पारिश्रमिकसहित सञ्चार खर्च पाउने छन्। शीतगंगा नगरपालिकामा वन व्यवस्थापनमा खटिएको १० वटा सामुदायिक वनले मासिक दुई लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ

साउनदेखि कात्तिक ५ गतेसम्म खेतबारीमा रहने मकै, फर्सी, काँक्रा, सिमी, बोडीलगायतका अन्न र तरकारी बालीमा बाँदर र बँदेलको आतंक हुने भएकाले यसवर्ष परीक्षणको रूपमा हेरालु राखिएको हो।

डिभिजन वन कार्यालयका सूचना अधिकारी केशर खड्काले अन्नबाली जोगाउन विभिन्न उपाय अवलम्बन गरे पनि समाधान नभएपछि हेरालु कर्मचारी नियुक्त गरिएको बताए। मागभन्दा अत्यधीक धेरै संख्यामा आवेदन आएपछि १० जनाको साटो २० जना नियुक्त गरेको खड्काले बताए। ती कर्मचारीलाई बाँदर र बँदेल धपाउन तालिम समेत दिइएको थियो। हेरालुहरूले आफूले दिनभरी गरेको कामको विवरण हरेक दिन डिभिजन वन कार्यालयमा पठाउन पनि निर्देशन गरिएको सूचना अधिकारी खड्काले जानकारी दिए।

गाउँहरूबाट मानिसहरू बसाईसराइ गर्ने क्रम बढेपछि खेतीयोग्य जमिनहरू बाँझो पल्टिने र रूख बिरूवा उम्रिएर झाँडी बढ्न थालेपछि गाउँहरूमा बाँदर र बँदेलको आतंक बढ्दै गएको छ।




## सम्पादकीय

# डेंगु नियन्त्रणका लागि कार्यक्रम खोई ?

डेंगु संक्रमण भयावह हुने भन्दै विज्ञहरुले नियन्त्रणको पहल थाल्न चेतावनी दिए पनि सरोकारवाला निकायको तयारी सुस्त छ। मनसुन चलिरहेको छ। वर्षा हुने र घाम लाग्ने क्रम जारी रहेकोले डेंगु संक्रमण बढाउने लामखुट्टेको विस्तार हुन सक्ने भएकाले पूर्वतयारीमा ध्यान दिन आवश्यक छ। तर तहगत सरकारको तयारी सुस्त हुँदा संक्रमण उच्च हुने देखिन्छ।

जलवायु परिवर्तनका कारण नेपालको सबै भूभागमा लामखुट्टेका लागि अनुकुल हुँदै गएको छ। तराईमा पाइने लामखुट्टेले अब आफूलाई पहाडी र हिमाली वातावरणमा अनुकुलन बनाउँदै लगेको छ। पछिल्ला दिनमा चिसो मौसममा समेत डेंगुका बिरामी देखिएकोले अब वर्षा र गर्मी याममा मात्रै डेंगु संक्रमण हुन्छ भन्ने छैन। विज्ञहरूका अनुसार, १२-१३ डिग्रीमा पनि डेंगु सार्ने लामखुट्टे सहजै बाँच्न सक्छ। डेंगु फैलिनुको कारण बढ्दो शहरीकरण पनि हो। जनघनत्व बढी भएका शहरमा डेंगु सार्ने लामखुट्टेलाई हुर्कन सहज हुन्छ। विज्ञहरुले मनसुन सुरु हुनासाथै खोज तथा नष्ट अभियान व्यापक बनाउन सुझाव दिएको भए पनि वास्ता गरिएको छैन। लार्भा अवस्थामै नियन्त्रण गर्न ध्यान दिने हो भने संक्रमण दर नियन्त्रण गर्न सकिने भए पनि तहगत सरकारको ध्यान नजानु गलत छ। खोज र नष्ट अभियान स्थानीय तहले गर्न सक्छन्। स्थानीय तहले टोल समिति परिचालन गरी खोज र नष्ट गर अभियान चलाउन सक्छन्। डेंगु फैलिए पनि खोज र नष्ट गर अभियान देखावटी हुने भएकाले अझै अभियान चलाउन ढिलाइ भइरहेको छैन। चिकित्सकहरुका अनुसार डेंगुको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु हो। यो ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्छ। डेंगु लागेमा रक्तकोष घट्न गई रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउँछ। निरन्तर वान्ता हुनु, पेट धेरै दुख्नु, रक्तश्राव हुनु, नाक वा गिजाबाट रगत बग्ने, बेहोस हुने, रगत जाँचमा प्लेटलेट्स संख्या तीव्र गतिमा घट्नुले डेंगुको जटिल अवस्थामा जान सक्ने संकेत हो।

एडिस एजेप्टाई र एडिस एल्बोपेक्टस नामक लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु संक्रमण नेपालमा पहिलो पटक २०००४ मा चितवनमा आएका एक विदेशी नागरिकमा भेटिएको थियो। त्यसपछि २००६ मा तराई र भित्री मधेशका केही जिल्लामा डेंगुका बिरामी भेटिए। २०१६ मा चितवन, झापा र रूपन्देहीमा महामारीकै रूपमा डेंगु देखिएको थियो। २०२० मा धरानबाट फैलिएको डेंगुबाट १८ हजार मानिस संक्रमित भए, ४३ जिल्लामा फैलिएको डेंगुले १२ जनाको मृत्यु भयो। सन् २०२२ मा डेंगु संक्रमित ७७ वटै जिल्लामा फैलिँदा ५४ हजारभन्दा बढी संक्रमित भए। उनीहरूमध्ये ८८ जनाको मृत्यु भएको तथ्याङ्क छ। सन् २०२३ मा २० जना मृत्यु हुँदा ५२ हजारभन्दा बढी संक्रमित भएका थिए। सन् २०२४ मा भने १३ जनाको मृत्यु हुँदा झण्डै ३५ हजारभन्दा बढी संक्रमित भए।

विगतको यो तथ्याङ्कले भन्छ-सरकार डेंगु नियन्त्रण गर्न चनाखो बन्नु पर्छ। तहगत सरकारहरुमध्ये कसले के गर्ने ? समुदायले के गर्ने ? यो काम तत्काल अघि बढाउनुपर्छ। अस्पतालमा बिरामी थेग्नै नसक्ने अवस्था आउन सक्छ। अस्पताल पुगेका मध्ये कतिपयले ज्यान गुमाउन सक्छन्। तसर्थ सम्भावित जोखिम र चुनौतीको सामना गर्ने सार्मथ्य हुनुपर्छ।

# के रास्वपा नेपाली राजनीतिको विकल्प हो त ?



मोहन कुँवर

वितृष्णाको केही अंश पनि थियो। आगामी निर्वाचनमा अहिलेको सीट संख्याभन्दा बढी लिनेछ या कम लिनेछ, त्यो नेपाली जनताले फैसला गर्नेछन्। नेपाली जनताले विश्वास गरेर रास्वपालाई देशका विभिन्न जिल्ला तथा क्षेत्रबाट अहिलेको भन्दा पनि धेरै सीट संख्यासहित संसदमा पठाउन सके भने रास्वपा नेपाली राजनीतिको विकल्प मात्र नभएर भरपर्दो र बलियो पार्टी चाहीँ अवश्य बन्नेछ जसको लागि रास्वपाले देशले नचिनेको, तर देशलाई चिनेका सक्षम र नयाँ युवा शक्तिलाई भने अवसर दिन जरुरी पर्दछ।




नेपाली राजनीतिको इतिहास कालखण्डलाई हेर्ने हो भने देशमा राणा शासनकालको अन्त्यदेखि पञ्चायत व्यवस्था, बहुदलीय व्यवस्था हुँदै १० वर्षे जनयुद्धसँगै देशमा गणतन्त्रको स्थापना भएको पाइन्छ। पछिल्लो समय नेपालमा विभिन्न किसिमका राजनीति दलहरु पनि स्थापना भइरहेका छन् र केही दलहरु पार्टी फुटेर नयाँ पार्टीको रुपमा पनि परिणत भएका छन् भने केही साना दलहरुले पार्टी एकता पनि गरिरहेका छन्। यही भीडमा छोटो समयमा नै जनताको मन जितेर दल गठन गरेको ४ महिनामै प्रतिनिधिसभाको निर्वाचनमा भाग लिइ विशेषगरी शहरी क्षेत्र र शहरी प्रभाव रहेका क्षेत्रहरुबाट जनताहरुको राम्रो साथ पाएर उपत्यकामा केही ठाउँ र चितवनलगायत अन्य जिल्लाहरुमा पनि प्रत्यक्षमा ठूला दलहरुलाई हराउदैं राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ ७ सिट र समानुपातिकतर्फ १३ सिट पाएको थियो भने प्रतिनिधिसभा चुनावमा समानुपातिकतर्फ ११ लाख ३० हजार ३ सय ४४ मत प्राप्त गरी जम्मा २० सिटसहित प्रतिनिधिसभामा चौथो ठूलो दल बनेको थियो।

देशमा पुराना राजनीति दलहरुको कार्यशैलीबाट वाक्क भएका नेपाली जनताहरु पार्टी र कार्यकर्ता केन्द्रितभन्दा पनि देश र जनताप्रति बफादार बन्ने नेता तथा राजनीति दलको उदय भएमा नेपाली जनताहरु पूर्णरुपमा साथ दिन तयार छन् भन्ने कुरा पछिल्ला राजनीति घटनाक्रमहरुबाट स्पष्ट रुपमा बुझ्न सकिन्छ। आजभोलि जुनसुकै राजनीति दल भएता पनि नेपाली जनताले बोल्नेभन्दा पनि काम गरेर नतिजा दिने दललाई विश्वास गर्न थालेका छन्, त्यसैले पनि पुराना दल होस् या नयाँ दल यी कुराहरुमा गम्भीर भएर अघि बढ्नुपर्ने देखिएको छ।

यिनै कुराहरुलाई मध्यनजर गर्दै राष्ट्रिय स्वत्रन्त्र पार्टीका सभापति रवि लामिछानेले पुराना दलको कार्यशैलीबाट आजित भएका जनतामा आफ्नो पार्टी विकल्पको रूपमा उदयमान हुने बताउँदै आफूहरु व्यवस्था बदल्न नभइ नागरिकको अवस्था बदल्न राजनीतिमा आएको घोषणा गरेका थिए। आफूहरु ठूलो काम गर्न नभइ आमनागरिकका स-साना समस्या समाधान गर्न राजनीतिमा लागेको पनि उनले दाबी गरेका थिए र नेपाली जनताले उनको कुराहरुलाई विश्वास गरी साथ पनि दिएका थिए। रास्वपा २ पटक सरकारमा सहभागी भएर गृहमन्त्री, स्वास्थ्यमन्त्री, शिक्षामन्त्री, श्रममन्त्री खेलकुदमन्त्री जस्ता महत्तूपूर्ण मन्त्रीपद पनि पायो, तर सरकार लामो समय टिक्न सकेन, अनि सोंचेजस्तो नतिजा पनि दिन सकेन, नेपाली जनतालाई।

रास्वपाका सभापति रवि लामिछानेप्रति लागेको सहकारी रकमको अपचलनको आरोपले पार्टीप्रति कस्तो प्रभाव पार्नेछ भन्ने कुरा नेपाली जनताले फैसाला गर्ने छन्, तर पछिल्लो समय उस्तै उस्तै घटना पनि अरु दलका नेता र रविप्रति सरकारले गरेको व्यवहार देखेर धेरै जसो नागरिकहरुमा सरकारको राजनीतिक प्रतिसोधको रुपमा बुझेका छन्। उनी दोषी छन् या निर्दोष हुनेछन्, त्यो अदालतले नै फैसला गर्नेछ, तर छोटो समयमा नेपाली जनताप्रति जितेको मनले अन्य राजनीति दल र तिनका नेतालाई भने निकै छटपटि चलिरहेको छ। सुरुमा लामिछानेमाथि सहकारी ठगी र संगठित अपराधमा अनुसन्धान थालिएको थियो भने पछि कास्की प्रहरीले सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान गरेको थियो। रविलाई आरोप लागेका सहकारीका पूर्वसञ्चालक तथा संरक्षक जीबी राई हुन्, तर उनी फरार छन्, सरकारले उनको खोजी गरेता पनि अहिलेसम्म फेला पार्न सकिरहेको छैन। पछिल्लो समय सरकार जुन तरिकाले रवि लामिछाने माथि खनिएको छ त्यो देख्दा कतै जीबी राईलाई सरकारले नै संरक्षण त गरेको छैन ? भनेर नागरिकहरुमा शंका उपशंका पनि आएका सुनिन्छन्।

पछिल्लो समय संसदमा रास्वपाले देखाएको प्रतिपक्षको भूमिका होस् या रास्वपाका सांसदहरुले राखेको विचार होस् अन्य दलका सांसदका भन्दा केही फरक देखिन्छन्। रास्वपा आफैँमा युवा नेताहरुको संगठित दल हो, भलै संसदमा केही अनुभवको कमी होला, तर ज्ञानको भने कमी भने छैन। वर्षौंदेखि संसद भवनलाई आफ्नो पेसाको घर ठान्नेहरुलाई नहटाएसम्म देशमा बढ्दो बेथिति, भ्रष्टचार, मानव तस्करीलगायत अन्य समस्याहरुको समाधान हुँदैन भन्ने कुरा पनि रास्वपाले प्रस्तुत गरिरहेको छ। रास्वपाका सांसदहरुको दमदार भाषण, अन्य दलका नेताहरुको कमिकमजोरी र गलत कदमविरुद्ध माथि उठाएका प्रश्नहरुले आगामी दिनमा आफूहरु सुध्रिन आवश्यक रहेको कुरा अन्य दलका नेताहरुले महसुस गरेको भने सजिलै बुझ्न सकिन्छ। सरकारमा नियुक्त भएका मन्त्रीहरुले देश र जनताप्रति बफदार भएर काम गर्नुभन्दा पनि उल्टै भ्रष्टचार र देश लुट्न नै सक्रिय भएको कुरा पछिल्लो समयको विभिन्न घटनाक्रमहरुले देखाइरहेको छ। देशमा सुशासन, महङ्गी, भ्रष्टचार जस्ता समस्याहरु दिनानुदिन बढ्दै गइरहेका छन्। देशमा रोजगारको अवसर नपाएर दिनहुँ हजारौ नेपालीहरु देश छोडेर विदेश जान बाध्य भएका छन्।

देशमा व्यवस्था फेरियो, तर नागरिकहरुको अवस्था फेरिएन्, फेरियो त केवल नेता र उनका आसेपासेहरुको मात्र। देशमा हजारौँ शहीदहरुको बलिदानबाट प्राप्त गणतन्त्रले गरिब निमुखा जनताहरुको जीवनस्तर परिवर्तन गर्ने ठूलो आशा गरिएको थियो, तर देशमा त्यसो हुन सकेन, त्यसैले पनि यी पुराना र ठूला राजनीति दलहरुको कार्यशैली देखेर नेपाली जनताहरु अहिलेका दलहरुको विकल्प खोजिरहेका छन्। रास्वपाले जनतामा जाँदा आफ्नो एजेन्डा पनि स्पष्ट पार्न जरुरी हुन्छ, धर्म निरपेक्ष, संघीयता, प्रदेश सरकार, प्रत्यक्ष राष्ट्रप्रणाली शासन व्यवस्था वा अहिलेकै व्यवस्था, विदेश नीतिलगायत अन्य कुरामा जनतालाई जानकारी दिन पनि जरुरी देखिन्छ।

रास्वपा स्थापना भएको छोटो समयमा नै जुन किसिमको लोकप्रियता कमाएको थियो, त्यो रविले पत्रकार हुँदा नेपाली जनताप्रति गरेको योगदान र भूमिकाको प्रतिफल थियो। रविको विश्वासकै आधारमा अन्य व्यक्तिहरुले पनि चुनाव जितेका हुन्। रविले जब चुनाव जिते त्यसपछि उनलाई विभिन्न किसिमका मुद्दासँगै सांसद पद नै खारेज गरी फेरि दोस्रोपटक उप-चुनाव पनि लड्नु पर्यो। रविले दुईपटक गृहमन्त्री हुने अवसर पनि पाएका थिए, उनी त्यहि गृहमन्त्री पदमा हुँदा लिएका विभिन्न कदम र निर्णयले गर्दा पनि केही राजनीति दलका नेताहरुले उनीमाथि अन्याय गर्न खोजेका हुन कि भन्ने कुरा पनि यतिबेला अनुमान गर्न सकिन्छ।

देशमा पुराना दलहरुबाट भइरहेका मनपरी कार्यहरु र विभिन्न घटनाका बेथितिविरुद्ध रास्वपा नेपाली राजनीतिको विकल्पको रुपमा उदयमान हुन जरुरी छ। त्यसैले रास्वपा अहिले जुन अवस्थामा रवि बिना अघि बढिरहेको छ यसमा अझ शसक्त भएर अघि बढ्न जरुरी छ। अहिलेदेखि नै २०८४ मा हुने प्रतिनिधिसभाको निर्वाचनको लागि जनताहरुसँग सहकार्य गरी अघि बढ्न जरुरी छ। देशमा राजनीतिभन्दा बाहिर रहेर देशको लागि काम गरी जनताका मन जितेका व्यक्तिहरुलाई पनि पार्टीमा प्रवेश बनाई २०८४ को लागि उम्मेदवारीको स्थान सुनिश्चित गरी अगाडि बढाउन आवश्यक देखिन्छ। देशका विभिन्न स्थानीय तहमा जनताका मन जितेर स्वतन्त्र उम्मेदवारबाट विजय भएका व्यक्तिहरुलाई पनि पार्टीमा ल्याउन सक्दो भूमिका खेल्नुपर्ने जरुरी देखिएको छ। देशमा मात्र नभई विदेशमा रहेका सक्षम र योग्य युवाहरुलाई देश फर्काएर पार्टीमा सुरक्षित स्थान दिई आगामी निर्वाचनको लागि तयारी गर्न पनि आवश्यक देखिन्छ। रविले देश र नेपाली जनताका निम्ति जुन बाटो सुरु गरे त्यो बाटोलाई रवि बिना पनि पूरा गर्ने हिम्मत राखि भ्रष्टचारमा मौलाएका ठूला र पुराना दलका नेताहरुलाई विस्थापित गरी देशमा एउटा असल र भरपर्दो राजनीति दलको विकल्पको रुपमा उदयमान हुन आवश्यक छ।

तर रास्वपा नेपाली राजनीतिको विकल्प हो या होइन भन्ने कुरा अहिले नै विश्वास र आँकलन गर्न सकिंदैन, रास्वपाले २०७९ को प्रतिनिधिसभाको निर्वाचनमा लिएको चुनावी नतिजा उक्त पार्टीप्रतिको लोकप्रियता मात्र नभई नेपाली राजनीति प्रतिको वितृष्णाको केही अंश पनि थियो। आगामी निर्वाचनमा अहिलेको सीट संख्याभन्दा बढी लिनेछ या कम लिनेछ, त्यो नेपाली जनताले फैसला गर्नेछन्। नेपाली जनताले विश्वास गरेर रास्वपालाई देशका विभिन्न जिल्ला तथा क्षेत्रबाट अहिलेको भन्दा पनि धेरै सीट संख्यासहित संसदमा पठाउन सके भने रास्वपा नेपाली राजनीतिको विकल्प मात्र नभएर भरपर्दो र बलियो पार्टी चाहीँ अवश्य बन्नेछ, जसको लागि रास्वपाले देशले नचिनेको, तर देशलाई चिनेका सक्षम र नयाँ युवा शक्तिलाई भने अवसर दिन जरुरी पर्दछ।

सत्यवती -२, गुल्मी
हाल जापान, ओसाका

# नेप्से परिसूचक २१ अङ्कले बढ्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार २१ दशमलव ७६ अङ्क अर्थात् शून्य दशमलव ७५ प्रतिशतले बढेर दुई हजार आठ सय ९२ दशमलव ७२ बिन्दुमा कामय भएको छ।

विभिन्न ३११ कम्पनीका तीन करोड ५६ लाख ४९ हजार २११ कित्ता शेयर एक लाख ३८ हजार ८२८ पटक खरिदबिक्री हुँदा रु १६ अर्ब ३२ करोड ७१ लाख १५ हजार दुई सय ३८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव ४२, लघुवित्त एक दशमलव ९३, निर्जीवन बिमा एक दशमलव २७ र अन्य समूह एक दशमलव ८४ प्रतिशतले बढेको छ। बैंकिङ शून्य दशमलव ४८, होटल तथा पर्यटन शून्य दशमलव ३०, जलविद्युत् शून्य दशमलव ४६, लगानी शून्य दशमलव ३७, जीवन बिमा शून्य दशमलव ०२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३७, म्युचुअल फन्ड शून्य दशमलव १९ र व्यापार समूह शून्य दशमलव ४३ प्रतिशतले बढेको छ। थ्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड र सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ७५ करोड ६६ लाख ४६ हजार ३०७ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै लक्ष्मी भ्यालु फन्ड-२ को १७ लाख ४६ हजार सात सय ११ कित्ता शेयर किनबेच भएको छ।

# कब्जियत रोक्ने उपाय



**पानी**

पानी कब्जियतको सबैभन्दा महत्वपूर्ण र उपयुक्त औषधि हो।

बारम्बार प्रशस्त पानी पिएर वा झोलयुक्त खाना खाएर कब्जियत रोगबाट मुक्त हुन सकिन्छ।

तर, पानीको नाममा सोडा वा अन्य पेय पदार्थ पिउनु कब्जियतको समाधान होइन।

धारा वा कुवाको सफा पानी तताएर वा 'प्युरिफाई' गरेर पानी खाँदा कब्जियतको खतरा घट्नुका साथै कब्जियत भइसकेका व्यक्तिलाई पनि धेरै फाइदा गर्छ।

**फाइबरयुक्त खाना**

हामी शरीरलाई चाहिने खानाको सट्टा अन्य अनावश्यक खानेकुरा खाएर पैसाको हिनामिना गरेका हुन्छौं।

तर, त्यही पैसाबाट पोसिलो र शरीरलाई हित गर्ने स्वस्थकर खानाको बारेमा हेक्का नराख्दा हामीले स्वास्थ्यमा ठूलो मूल्य चुकाइरहेका छौं।

जौ, गहुँ, रोटीजस्ता फाइबरयुक्त खाााना पोसिलो मात्र होइन कब्जियतका लागि महत्वपूर्ण औषधि नै साबित भएका छन्।

**फलफूल तथा सागसब्जी**

ताजा फलफूल तथा सब्जी उच्च पोषणयुक्त मात्र होइन, त्यसमा प्रशस्त फाइबर र तरल पदार्थ हुन्छ।

यो हाम्रो समग्र पाचन पक्रियामा फाइदाजनक हुन्छ।

तसर्थ, प्रशस्त हरियो सागसब्जी र ताजा फलफूल खाँदा कब्जियतको सम्भावना हुँदैन र भइसकेको कब्जियत पनि निको हुन्छ।

**गेडागुडी**

भिटामिन र प्रोटिनयुक्त गेडागुडी र बिउबिजनको नियमित उपभोगले कब्जियतलाईस्वभाविकरुपमैअन्यगरिदिन्छ।

**तेल**

जैतुनको गेडा, सब्जीको रस, भटमासको तेल, तिलको गेडा पनि कब्जियत उपचारमा प्रयोग हुन्छ।

यी खाद्य पदार्थमा निकै न्यून मात्रामा चिल्लो पदार्थ हुनुका साथै आन्द्रालाई चिप्लो बनाई पेटको उकुसमुकुस र डम्म हुनबाट रोकिदिन्छ।

**उखुको जुस, खुदो र मह**

कब्जियतका लागि उखुको जुस, खुदो र मह अचुक औषधि हुन्।

उखुको जुसमा आवश्यकताअनुसार मह मिसाएर खाँदा यसले राम्रो औषधिको काम गर्छ।

**अंगुर र कागती**

उच्च साइट्रस एसिडयुक्त अंगुर र कागतीले आन्द्राको फोहोरलाई सजिलै मलद्वारमार्फत निष्कासन गरिदिन्छ।

थोरै मात्र अंगुर र कागती जुसले पनि यो समस्यालाई तत्कालै समाधान गरिदिन्छ।

स्वास्थ्य खबरबाट

# जुँगे महादेवको मन्दिरमा पूजाआजा सुरु



नेपालगञ्ज । पश्चिम नेपालको प्रसिद्ध बागेश्वरी मन्दिर परिसरमा रहेको जुँगे महादेवको मन्दिरमा सोमबारदेखि पूजाआजा शुभारम्भ भएको छ।

नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक सहयोग तथा बागेश्वरी मन्दिर गुठी व्यवस्थापन समितिको व्यवस्थापनमा नवनिर्मित अष्ट धातुको जुङ्गे (खडेश्वर) महादेव मूर्तिको प्राणप्रतिष्ठा भएपछि पूजाआजा गर्न सुरु भएको हो।

प्रतिनिधिसभा सदस्य धवलशम्शेर राणा, उप-महानगरपालिकाका प्रमुख प्रशान्त विष्ट, गुठी व्यवस्थापन समितिका अध्यक्ष गोपाल अधिकारीलगायतले महादेव मूर्तिको प्राणप्रतिष्ठा गर्दै संयुक्त रुपमा पूजाआजा गरेका थिए।

धार्मिक विधिअनुसार पूजाआजा अहिले पनि जारी रहेको उल्लेख गर्दै गुठी व्यवस्थापन समितिका अध्यक्ष गोपाल अधिकारीले विधिपूर्वक पूजाआजा सकिएपछि सर्वसाधरणका लागि खुला गरिने जानकारी दिए । उनले मूर्ति प्राणप्रतिष्ठा पं जयराम आर्चायको नेतृत्वमा ११ सदस्यीय पण्डितहरुले मन्त्रोच्चारण गरेर गरेको जानकारी दिँदै बागेश्वरी मन्दिरमा भक्तजनको घुइँचो लागेको बताए।

उपमहानगरपालिका-२ मा रहेको सो मन्दिर परिसरमा रु १५ लाखको लागतमा निर्माण गरिएको जुङ्गे महादेवको मूर्ति मर्मतसम्भारको काम दुई वर्षअघिदेखि गरिएको थियो । नगर प्रमुख विष्टले २००७ सालमा बनेको पुरानो संरचना र मूर्ति स्थापना भएको ७५ वर्ष भइसकेकाले नयाँ मूर्ति निर्माणको आवश्यकता महसुस गरिएको तथा महादेवको मूर्ति प्राणप्रतिष्ठा गरिएको उल्लेख गर्दै नजिकै १०८ फिट अग्लो हनुमानको मूर्ति पनि निर्माणाधीन अवस्थामा रहेको बताए।

# खानेपानी योजनालाई विद्युत् महशुलमा अनुदान



**प्रकाश डोटेल**
*स्याङ्जा*

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जाले आर्थिक वर्ष २०८१/०८२ मा जिल्लामा सञ्चालित लिफ्टिङ्ग खानेपानी योजनाहरुलाई १ करोड ३३ लाख ६४ हजार ६ सय ५६ रुपैयाँ विद्युत् महशुल अनुदान दिएको छ।

स्याङ्जाका १ सय ३३ योजनालाई ८६ लाख ७८ हजार ८४ रुपैयाँ र कास्कीका ३६ योजनालाई ४६ लाख ८६ हजार ५७२ रुपैयाँ अनुदान पाएका छन्। प्रदेश सरकारको लिफ्टिङ्ग खानेपानी योजनालाई विद्युत् महशुलमा अनुदान दिने कार्यक्रमअन्तर्गत कार्यालयले स्याङ्जा र कास्कीमा सञ्चालित १ सय ६९ योजनालाई अनुदान दिएको हो।

लिफ्टिङ्ग खानेपानी आयोजना विद्युत् महशुल अनुदान कार्यविधि २०७९ का आधारमा अनुदान दिएको कार्यालयका प्रमुख हरिप्रसाद तिमिल्सिनाले बताए । अनुदान पाएका योजनाबाट स्याङ्जाका २१ हजार ९६४ र कास्कीका १३ हजार ८०८ गरी ३५ हजार ७७२ परिवार लाभान्वित भएका छन्।

मासिक २५ हजार रुपैयाँसम्म विद्युत् खपत गर्ने लाभग्राहीलाई शतप्रतिशत अनुदान दिइएको छ । मासिक २५ हजारदेखि ४० हजारको महशुलमा ७५ प्रतिशत, ४० हजारदेखि ६० हजारसम्मको विद्युत् खपतमा ५० प्रतिशत र ६० हजारदेखि ८० हजारसम्म महशुल खपत गर्ने योजनालाई २५ प्रतिशत अनुदान दिएको कार्यालय प्रमुख तिमिल्सिनाले जानकारी दिए।

मासिक ८० हजारभन्दा बढीको विद्युत् खपत गर्ने योजनालाई १० प्रतिशतमात्रै अनुदान उपलब्ध गराइएको छ।

ठूला योजना अर्थात् तीन स्टेप वा सोभन्दा बढी स्टेप पानी तान्ने योजनाको हकमा भने ४० हजारको ९० प्रतिशत, ६० हजारसम्म ६५ प्रतिशत, ८० हजारको ४० प्रतिशत र ८० हजारभन्दा बढी महशुल खपत गर्ने योजनालाई १५ प्रतिशत अनुदान दिइएको छ।

जिल्लामा क्रमागत २ सय ४७ खानेपानी योजना सञ्चालनमा रहेका छन् । पछिल्लो आर्थिक वर्षमा १० वटा खानेपानीका योजनाहरु पूर्ण रुपमा निर्माण सकिएको इञ्जिनियर कमल बरालले बताए । यो वर्ष निर्माण सम्पन्न भएका योजनाबाट झण्डै ८ हजार जनसंख्या लाभान्वित भएका छन्। योसँगै जिल्लामा १ हजार ५८६ योजना सम्पन्न भई सञ्चालनमा छन्।

प्रदेश सरकार बनेसँगै जिल्लामा हालसम्म १ सय ६१ योजना निर्माण सम्पन्न भएका छन्। इञ्जिनियर बरालकाअनुसार निर्माण सम्पन्न भएका योजनाअन्तर्गत २३ हजार ४३ भन्दा बढी घरमा 'एक घर, एक धारा' जोडिएको छ भने १ लाख १७ हजार ५ सय १७ जनसंख्या लाभान्वित भएका छन्।

आर्थिक वर्ष २०८१/०८२ मा कार्यालयले ९५ प्रतिशतको हाराहारीमा वित्तीय प्रगति गरेको छ। यो वर्ष २३ करोड ३ लाख ४६ हजार रुपैयाँ खर्च भएको कार्यालय प्रमुख तिमिल्सिनाले बताए । उनकाअनुसार चालु वर्षमा पनि जिल्लामा उत्तिकै संख्यामा योजनाहरु सञ्चालनमा रहनेछन्।

# स्याङ्जामा ४६० व्यावसायिक फर्म खारेज




स्याङ्जा । स्याङ्जामा आर्थिक वर्ष २०८१/०८२ मा ४ सय ६० व्यावसायिक फर्महरु खारेज भएका छन् । उद्योगतर्फ २ सय ६३ र वाणिज्यतर्फका १ सय ९७ गरी ४६० व्यावसायिक फर्महरु खारेज हुँदा १ सय ७७ उद्योग र वाणिज्यतर्फका १ सय ४२ गरी ३ सय १९ वटा नयाँ फर्म थपिएका छन् । पछिल्लो समय व्यापार व्यवसायमा आएको मन्दीसँगैव्यावसायिक फर्महरु खारेजी गर्ने क्रम बढ्दै गएको छ । खारेजी भएका व्यावसायिक फर्महरुमा कृषि तथा पशुपालन, खाजा घर, रेष्टुरेन्ट, कुटानीपिसानीका उद्योग र फेन्सीपसल रहेको पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाले जनाएको छ।

कार्यालयकाअनुसार २ सय ६३ फर्म खारेज हुँदा १ हजार बढिले रोजगारी गुमाए भने १ सय ७७ फर्म थपिंदा ७ सय बढीलाई रोजगारी सृजना भएको छ । गएको आर्थिक वर्ष नयाँ दर्ता हुनेको तुलनामा खारेज हुने फर्मको संख्यामा वृद्धि हुँदा करिब ३ सय जनाले रोजगारीबाट हात धुनु परेको छ ।वाण्जियतर्फका १ सय ९७ फर्म खारेज र १ सय ४२ व्यावसायिक फर्म नयाँ दर्ता हुँदा झण्डै ४० जना जनशक्ति बेरोजगार बन्नु परेको उद्योग कार्यालयले जनाएको छ। कार्यालयले व्यावसायिक तालिमसँगै अनुदानका कार्यक्रम सञ्चालन गर्दा समेत फर्म खारेजीसँगै बेरोजगार हुनेको संख्यामा वृद्धि भएकोमा कार्यालयले चिन्ता जनाएको छ।

देशमा केही वर्षदेखि सृजित आर्थिक सुस्तता र मन्दीका कारण उद्योग तथा व्यापार व्यवसायमा कठिनाइ सृजना भएपछि दर्ताको तुलनामा फर्म खारेजीको संख्यामा वृद्धि भएको हुनसक्ने जानकार बताउँछन् । पछिल्लो तथ्याङ्कलाई केलाउँदा अनुदान लिन फर्म सञ्चालन गर्ने र अनुदान लिएपछि फर्म बन्द गर्ने प्रचलन मौलाउँदै गएको बताइएको छ।

जिल्लामा झण्डै १३ हजार व्यावसायिक फर्महरु सञ्चालनमा रहेको कार्यालयले जनाएको छ । कार्यालयकाअनुसार उद्योगतर्फ ७ हजार रवाणिज्यतर्फका करिब ६ हजार व्यावसायिक फर्ममा करिब ३५ हजारले प्रत्यक्ष रोजगारी पाएका छन्।

यस अवधिमा कार्यालयले राजस्व संकलनमा भने वृद्धि गरेको छ। गएको आर्थिक वर्षमा विभिन्न शीर्षकमा ५५ लाख ५५ हजार ७ सय ७० रुपैयाँ राजस्व संकलन गरेको कार्यालयले अघिल्लो आर्थिक वर्षमा करिब ३३ लाखमात्रै राजस्व संकलन गरेको कार्यालय प्रमुख नारायणप्रसाद ढकालले बताए। गएको वर्ष फर्म दर्ता, नविकरण र खारेज हुनेको सख्यांमा वृद्धिभएसँगै राजस्व बढेको हो।

आर्थिक वर्ष २०८१/०८२ माकार्यालयमार्फत् सञ्चालित ३० मध्ये २९ वटा योजनाहरु सम्पन्न भएका छन्। ३० वटा योजनाकालागि विनियोजित कुल २ करोड ५५ लाखमध्ये ९३ प्रतिशत वित्तीय प्रगति हासिल गर्दै २ करोड ३७ लाख १५ हजार खर्च गर्न सफल भएको कार्यालयले दाबी गरेको छ।

# कारागारबाट छुट्नेभन्दा थपिने बढी

चितवन । कारागार कार्यालय चितवनबाट एक वर्षमा छुटेर जानेभन्दा थपिनेको संख्या बढेको छ । विभिन्न मुद्दामा फैसला हुन बाँकी भएर वा फैसला भएर आएका कैदी एवं बन्दीको संख्या छुटेर जानेकोभन्दा धेरै रहेको पाइएको हो।

कार्यालयका सूचना अधिकारी चेतनाथ ढुङ्गानाका अनुसार गत आर्थिक वर्षमा कारागार कार्यालयमा ८०८ जना कैदीबन्दी नयाँ थपिएका छन् । यस्तै, सोही समयमा ६७२ जना छुटेको उनले जानकारी दिए । उनका अनुसार थपिएका कैदीबन्दीमध्ये १५० जना नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)का हुन् भने अन्य चितवनका छन्।

गत वर्षमा यस कारागारबाट स्थानान्तरण भएर विभिन्न कारागार गएका कैदीहरूको संख्या १४५ जना छ। यस्तै, उपचारका लागि विभिन्न कारागारबाट आउने कैदी ६ जना रहेको उनले जानकारी दिए।

उक्त अवधिमा ४२ जनाले 'प्यारोल' सुविधा लिएका छन्। प्यारोल सुविधाका लागि एक वर्षभन्दा बढी कैद तोकिएका र दुई तिहाइ कैद भुक्तान गरेका हुनुपर्ने हुन्छ।

कारागारमा गत आर्थिक वर्षमा दुईजना कैदीबन्दीको मृत्यु भएको उनले जानकारी दिए । क्यान्सर रोगका कारण उनीहरूको मृत्यु भएको हो । अहिले कारागार कार्यालयमा ७३० जना छन् । जसमध्ये ६८४ जना पुरुष र ४६ जना महिला रहेका छन् । तीसँग आश्रित पाँचजना बालबालिका रहेका छन्। कारागारमा ४७० पुरुष र ३५ जना महिला राख्ने क्षमता रहेको छ।

## नाम परिवर्तन गरिएको बारे सुचना

साबिक कृष्णदेवी सब मनि ट्रान्सफर एण्ड ट्राभल्स सेन्टर प्रा.लि. बुटवल उपमहानगरपालिका -९, रुपन्देही, ५ कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता रहेको दर्ता नं 213989 नाम परिर्वतन कृष्णदेवी होलिडेज प्रा.लि. बनाईएको बनाईएको ब्याहोरा सर्बसाधरणमा जानकारी गर्दछौ।

**डाईरेक्टर : श्री दिनेश कार्की**
९८५११३५१६९

अनुसूची-१
(दफा ३३ को उपदफा (२) सँग सम्बन्धति)

## काठ / दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०४/०६

प्रगती सामुदायिक वन उपभोक्ता समूह, वाणगंगा न.पा - ७, बनगाई, कपिलवस्तुले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय,कपिलवस्तुको संकलन सहमती अनुसार आ.व. ०८१ / ०८२ मा संकलन गरी उत्पादन भएका काठ / दाउरा मध्ये सा.व.उ.स. को घाटगद्दीमा विभिन्न लटहरु बनाई राखीएको सीसौ तथा खयर जातको थान ९५८ को जम्मा परिमाण ३५०८.८५ क्यु. फि. काठ सीसौं जातको दाउरा ३ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशति गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारति (काठ / दाउरा ) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना पहिलो पटक प्रकाशति भएको मितिले २१ दिन सम्ममा बोलपत्र खरिद गरी २२ औं दिन भित्रमा प्रत्येक लटको छुट्टा छुटै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायकि वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।

**श्री प्रगती सामुदायकि वन उपभोक्ता समूह,**
वाणगंगा न.पा-७, बनगाई, कपलिवस्तु

## जनता माध्यमिक विद्यालय, भुजहवा
सरावल गाउँपालिका-६ नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल

### शिक्षक आवश्यकता
तेस्रो पटक विज्ञापन

मिति २०८२/०४/०६

प्रस्तुत विषयमा सरावल गाँउपालिकाको मिति २०८२/०१/०८ गतेको प.सं. २०८१/०८२ च.नं. २३६७ मा.वि. गणित विषय तथा पुनः तेस्रो पटक विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०३/२४ गतेको निर्णयानुसार यस विद्यालयमा तपसिल बमोजिमको तह र पदमा शिक्षक पदपूर्तिको लागि योग्य नेपाली नागरिकबाट दरखास्तको लागि आह्वान गरिन्छ।

**तपसिल**
**विज्ञापन नं.**:- ०४-२०८१/०८२ **पद श्रेणी/विषय** :- शिक्षक मा.वि. तृतिय / गणित
**न्यूनतम शैक्षिक योग्यता** :- सम्बन्धित विषयमा स्नातक
**नियुक्तिको किसिम** :- मा.वि.दरबन्दी सट्टा शिक्षक मिति २०८२ चैत मसान्त सम्म **दरखास्त दस्तुर** :- २०००/-
**परीक्षाको किसिम**:- लिखित र अन्तर्वार्ता **उमेरको हद** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
**तलब स्केल**: नियमानुसार **दरखास्त दिने अन्तिम मिति** :- २०८२/०४/१३ गते मंगलवार दिउसो ४.००बजे सम्म
**सम्पर्क मिति** :- २०८२/०४/१३ गते मंगलवार दिउसो ५.०० बजे **परीक्षा मिति** :- सम्पर्क मितिको दिन तोकिने छ
**आवश्यक कागजात** :
क) हस्तलिखित निवेदन ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
ग) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
**दरखास्त दस्तुर यस विद्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको तपसिलको खातामा जम्मा गरी बैंक भौचर पेश गर्नुहुन अनुरोध छ।**
**खातावालाको नाम :- जनता माध्यमिक विद्यालय भुजहवाँ**
**खाता नं.:- ३१००१००००१४४३००१**
**शाखाः परासी**

नेपाल सरकार
भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि सुधार तथा मालपोत कार्यालय
तौलिहवा, कपिलवस्तु

### हकवालाको नाँउको ३५ दिने सूचना।

मितिः-२०८२/०४/०५

उपरोक्त विषयमा जिल्ला कपिलवस्तु सा.गा.वि.स. महाराजगंज वडानं, ६ हालमहाराजगंज नगरपालिका वडा नं. ३ मौजाजमुनी बस्नेहरद्वारको छोरा, कुमारे गडरियाको तीन छोराहरु जेठा राम चैतर गडरिया, माहिला छोराबाद गडरिया र कान्छा छोरा पूरन गडरिया मध्ये माहिला छोरा बाठु गडरियाको मिति २०८१/१२/१९ गते अविवाहित अवस्थामा मृत्यु भएको। ज.ध. मृतक बाठु गडरिया जीवित छंदा सेवा सम्भार औषधी उपचार मृत्यु पछी द्वाह संस्कार, काजक्रिया, पिण्डदान आदि सबै निवेदकहरु दाजु राम चैतर गडरिया र भाई पुरन गडरियाले गरेको। ज.ध.बाद गढरियाको नाममा दर्ता रहेको तपसिल अनुसारको उल्लेखित जग्गा हक अंश खानेहकवाला आवेदक राम चैतर गढरियार पुरन गढरिया बाहेक अरु कोही नरहेकोले हाम्रोनाममा संयुक्त नामसारीको लागिराम चैतर गडरिया र पुरन गडरियाले यस कार्यालयमामिति २०८२/०२/११ गते निवेदन माग अनुसार यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। निजहरुको नाममा संयुक्त नामसारी नपर्ने भए हुनु यो ङ्ड टाँस भएको मितिले म्याद भित्र स-प्रमाण सहित यस कार्यालयमा उजुरी गर्नुहोला। सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गा आवेदकहरु राम चैतर गढरिया र पुरन गडरियाको नाममा संयुक्त नामसारी भई ज.ध. प्रमाण पुर्जा निवेदकहरुले प्राप्त गर्ने र पछि कसैको कुनै किसिमको उजुर नलाग्ने व्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| गा.वि.स. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल | दर्तावालाको नाम, थर |
|---|---|---|---|---|
| पडरिया | ७ | ७८१ | ०-०-१८-० | ज.ध.- बाठु गडरिया् बुवा - कुमारे गडरिया बाजे- हरद्वार ठेगानाः- जिल्ला कपिलवस्तु सा. गा.वि.स. महाराजगंज वडा नं. ६ हाल महाराजगंज न.पा.वडा नं. ३ मौजा जमुनी |
| पडरिया | ९क | ६१३ | ०-१-१०-० | |

मालपोत अधिकृत

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**कालीगण्डकीमाथि ५७० मिटर लामो सस्पेन्सन पुलः**
मुस्ताङको थासाङ गाउँपालिका-२ स्थित कालीगण्डकी नदिमाथि निर्माण गरिएको ५७० मिटर लामो सस्पेन्सन पुल। यो पुल २०७७ साल बैशाख ३० गते सस्पेन्सन बृज डिभिजन कार्यालय काठमाडौंले ईलाइट रुविना कन्सट्रक्सन जेभीसँग ५ करोड लागतमा ठेक्का सम्झौता गरेको थियो। यो पुल निर्माण भएपछि कालीगण्डकी पारिका करिब आधा दर्जनभन्दा बढी गाउँका स्थानीय लाभान्वित हुनेछन्। तस्विरः सुशीलबाबू थकाली/रासस

ठेक्कामा नयाँ प्रावधान :

# कम मूल्य हालेकै भरमा नपाइने




बुटवल। सरकारले ठेक्कामा नयां प्रावधान ल्याएको छ। अब 'कम मूल्य' प्रस्ताव गरेकै आधारमा मात्र ठेक्का नदिइने भएको छ।

विश्व बैंक तथा एसियाली विकास बैंक (एडीबी)लगायत दातृनिकायको आर्थिक सहयोगमा निर्माण हुने भौतिक पूर्वाधार परियोजनामा कम मूल्यमा बोलपत्र हालेको भरमा मात्र ठेक्का नपाइने भएको हो।

नेपालमा प्राविधिक रुपमा छनोट भएका निर्माण कम्पनीमध्ये न्यूनतम मूल्य कबोल गर्नेले ठेक्का पाउने प्रावधान छ। यसले गर्दा ठेक्का पाउन मूल्य घट्नुपर्ने हुन्छ। अनुमानित लागत मूल्यभन्दा कममा ठेक्का दिँदा निर्माणमा गुणस्तर कायम नहुने र समयमा काम नसकिने समस्या पछिल्लो समय बढिरहेको छ।

एडीबी तथा विश्व बैंकको आर्थिक सहयोगमा नेपालका राष्ट्रिय राजमार्गहरू विस्तार तथा सुधारका कार्यहरू भइरहेका छन्। पूर्व-पश्चिम राजमार्गको नारायणगढ-बुटवल ११३ किलोमिटर सडक खण्ड चार लेनमा एसियाली हाइवे स्ट्यान्डर्डअन्तर्गत विस्तार गर्ने गरी २०७५ चैतमा ठेक्का सम्झौता भएको थियो।

चीनको चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले नारायणगढ-दाउन्ने, दाउन्ने-बुटवल दुवै खण्ड १६ अर्ब ९९ करोड ५३ लाख रुपैयाँमा २०७९ साउनमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो। तर यो सडक खण्ड निर्माणका लागि तेस्रो पटक म्याद थप्दा पनि करिब ७० प्रतिशत हाराहारीमा मात्र भौतिक प्रगति भएको छ। सस्तो मूल्यमा ठेक्का लिएर समयमा निर्माण सम्पन्न नगर्नेलगायतका यस्ता समस्या आउन नदिन विश्व बैंक र एसियाली विकास बैंकले प्राविधिक र आर्थिक मूल्यांकनको अंक भार जोडेर ठेक्का दिने तयारी अघि बढाएका हुन्।

नेपालमा सबैभन्दा कम लागत प्रस्ताव गर्ने निर्माण कम्पनीलाई ठेक्का दिने प्रचलन छ। तर यस्तो अभ्यासले धेरैजसो परियोजनामा गुणस्तरीय निर्माण कार्य नहुनुका साथै तोकिएको समयमा काम सम्पन्न नहुने समस्या पनि उस्तै छ।

सोही कारण कम रकम प्रस्ताव गरेर ठेक्का पाउने प्रवृत्ति अन्त्य हुने विश्वासमा प्राविधिक र आर्थिक मूल्यांकनको आधारमा ठेक्का प्रदान गर्ने व्यवस्था गर्न लागिएको सडक विभागका उपमहानिर्देशक अर्जुन अर्यालले बताए।

विश्व बैंकको आर्थिक सहयोगमा निर्माण हुने आयोजनामा पाइलट प्रोजेक्टका अघि बढाउने प्रक्रिया सुरु भइरहेको सडक विभाग विकास सहायता कार्यान्वयन महाशाखाका सिनियर डिभिजनल इञ्जिनियर सुरेश पौडेलले जानकारी दिए।

विश्व बैंकको आर्थिक सहयोगमा निर्माण गर्न खोजिएको कमला, बागमती र बकयौं खोला पुल निर्माणमा नयाँ व्यवस्थाअनुसार ठेक्का आह्वान गरिएको छ।

विश्व बैंकले यस्तो व्यवस्थालाई 'रेटेड क्राइटेरिया' भनिन्छ। जसअनुसार प्राविधिक मूल्यांकनको अंक भार २० र आर्थिक मूल्यांकनको अंक भार ८० छ।

एडीबीको हकमा भने 'मेरिट प्वाइन्ट क्राइटेरिया' भनिन्छ। एडीबीको आर्थिक सहयोगमा निर्माण हुने परियोजनामा प्राविधिक र आर्थिक मूल्यांकनको अंक भार कति हुने भन्ने विषय टुंगोमा नपुगिसकेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा प्रमुख तथा सहसचिव सुशीलबाबु ढकालले उल्लेख गरे।

एडीबीले आर्थिक र प्राविधिक मूल्यांकनको अंक भार ५०/५० हुनुपर्छ भन्ने प्रस्ताव गरेको छ। अर्थ तथा भौतिक मन्त्रालयले भने सुरुवाती चरणमा विश्व बैंकले अपनाएको पद्धतिअनुसार अंक भार कायम गर्न जोडबल गरिरहेको छ।

एडीबी र नेपाल सरकारबीच यस विषयमा सहमति जुटेमा सम्भवतः पथलैया-नारायणगढ खण्ड मेरिट प्वाइन्टका आधारमा निर्माण कम्पनीले ठेक्का पाउनेछ।

घटेर ठेक्का पाउने व्यवस्थालाई रोक्न यस्तो प्रावधान गरिएको भए पनि यसले स्वस्थ प्रतिस्पर्धा सिर्जना गर्नेभन्दा पनि 'कार्टेलिङ' गर्ने र कर्मचारीहरूलाई मूल्यांकनको नाममा भ्रष्टाचार गर्ने बाटो खुल्ला गर्ने नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह बताउँछन्। प्राविधिक र आर्थिक मूल्यांकनको अंकभन्दा पनि लागत अनुमानभन्दा १५ प्रतिशत घट्नेलाई ठेक्का प्रक्रियामा सहभागिता हुन नदिनुपर्ने उनको सुझाव छ।

निर्माण व्यवसायीले यस्तो सुझाव भौतिक मन्त्रालयलाई पनि दिएको उनले उल्लेख गरे।

यस्तो प्रावधानबाट निर्माण व्यवसायीको नाफा बच्ने र कामको गुणस्तर पनि बढ्ने तथा कालोबजारी र कार्टेलिङ गर्न प्रेरित समेत नगर्ने उनको विश्वास छ। प्राविधिक र आर्थिक मूल्यांकनमा प्राप्त अंक जोडेर ठेक्का दिँदा यसले तात्विक भिन्नता नल्याउने पूर्वसचिव देवेन्द्र कार्की पनि बताउँछन्। यस्तोमा ठेक्का दिन प्राविधिक मूल्यांकनको अंक जोड्नुपर्ने आवश्यकता नै नपर्ने बताउँदै यसका लागि प्राविधिक रुपमा पाँचवटा मात्र कम्पनी छनोट गर्नुपर्ने उनको सुझाव छ।

सार्वजनिक खरिद ऐन, २०६३ अनुसार प्राविधिक रुपमा सूचीकृत भएका बोलपत्रदातामध्ये न्यूनतम रकम कबोल गर्नेको बोलपत्र स्वीकृति गरिने व्यवस्था छ। सार्वजनिक खरिद ऐनको दफा ६७ को उपदफा (ख) मा नेपाल सरकार र दातृपक्षबिच भएको सम्झौताबमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाइडलाइन्स) अनुरूप खरिद गर्न सकिने व्यवस्था छ।

# उद्यमशील टोलद्वारा निर्माण व्यवसायी यादव सम्मानित



तिलोत्तमा। तिलोत्तमा नगरपालिका १० को उद्यमशील टोल विकास संस्थाले निर्माण व्यवसायी राज कुमार यादवलाई सम्मान गरेको छ।

संस्थाले करिब ४० लाख रुपैयाँको निर्माण कार्य एक महिनामै सम्पन्न गरेको भन्दै निर्माण व्यवसायी यादवलाई एक औपचारिक कार्यक्रम गरी सम्मान गरेको हो।

सो अवसरमा बोल्दै प्रमुख अतिथि टोलवासी एवं लुम्बिनी प्रदेश योजना आयोगका सदस्य डा. दामोदर भुसालले विकास निर्माणमा स्थानीय बासिन्दाको यथोचित सहभागिता र निगरानी सुनिश्चित गर्न तथा राम्रो काम गर्ने निर्माण व्यवसायीलाई प्रोत्साहनका लागि सम्मान गरिएको बताए। डा. भुसालले उद्यमशील टोल नाममा मा नभई व्यवहारमै उद्यमशविनियोजन हुने, तर कार्यान्वयनमा ढिलाइ हुने अनि स्थानीयवासी सम्बन्धित कार्यालयमा धाइरहनुपर्ने गलत परिपाटी अन्त्य हुनुपर्नेमा समेत जोड दिए।

उद्यमशील टोलका हरेक परिवार करेसाबारी, कम्तीमा एक घार मौरी र खेतमा धानसँगै हाँस पालनमा संलग्न हुँदै गएका र अन्यत्र पनि टोलको असल अभ्यासलाई विस्तार गरिएको डा. भुसालले बताए।

कार्यक्रममा तिलोत्तमा १० का वडाध्यक्ष गोपालप्रसाद घिमिरे, तिलोत्तमा नगरपालिकाका वरिष्ठ इञ्जिनियर प्रदीप वन, टोल विकास संस्थाकी कार्यवाहक अध्यक्ष सरगम विक पौडेल, सचिव रामबहादुर पुन, टोलका पूर्व अध्यक्ष घनसिंह पुन, निर्माण व्यवसायी राजकुमार यादवलगायतले आफ्ना भनाइ राखेका थिए। वक्ताहरुले टोलको बाँकी रहेको सडकमा पनि फुटफाथ निर्माणमा सबैको ध्यान जानुपर्ने बताएका थिए।

डा. भुसाल टोलमा आएपछि टोलको विकासले फड्को मार्दै गएको भन्दै भुसालको प्रसंशा गरेका थिए।

रमेश एण्ड रवि निर्माण सेवाका सञ्चालक यादवले भ्याटसहित ३८ लाख ६१ हजार ७९१ रुपैयाँमा उक्त टोलको ३०० मिटर सडकको दुबैतर्फ इन्टरलक फुटपाथ एक महिनामै निर्माण गरेका थिए।

# नागरिक मल्टीस्पेसिलिटी हेल्थ सेन्टर सञ्चालनमा




बुटवल। बुटवल-६ मैत्रीपथमा 'नागरिक मल्टीस्पेसिलिटी हेल्थ सेन्टर' सञ्चालनमा आएको छ। रुपन्देहीसहित पश्चिम नेपालका विभिन्न जिल्लाका बिरामीहरूलाई एकै ठाउँमा गुणस्तरीय विशेषज्ञ सेवा प्रदान गर्ने उद्देश्यले हेल्थ सेन्टर सञ्चालमा ल्याइएको हेल्थ सेन्टरका अध्यक्ष मेघदेव पन्तले बताए।

बिरामीलाई सर्वसुलभरुपमा उपचारका साथै ल्याब र सहुलियत मूल्यमा औषधिको व्यवस्था गरिने अध्यक्ष पन्तले बताए। तीनजना डाक्टर समेत चारजनाको एक करोड बढीको लगानीमा सञ्चालनमा आएको हेल्थ सेन्टरमा विभिन्न रोगका एक दर्जन बढी विशेषज्ञ डाक्टरहरूले सेवा प्रदान गर्ने अध्यक्ष पन्तले बताए। हेल्थ सेन्टरले बिरामीको घरमै गएर ल्याब जाँचको नमूना संकलन र औषधिको होम डेलिभेरी सेवासमेत प्रदान गर्ने अध्यक्ष पन्तले बताए।

यस्तै, शुभारम्भका अवसरमा एक हप्तासम्म निःशुल्क ओ.पि.डि सेवा तथा विशेषज्ञ डाक्टरद्वारा निःशुल्क परामर्श, प्रयोगशाला सेवामा २० प्रतिशत छुट तथा निःशुल्क सुगर, कोलेस्ट्रेल परीक्षण, प्रत्येक दिन ५ जनाको निःशुल्क थाइराइड परीक्षण, भिडियो एक्सरेमा ५० प्रतिशत छुट, ई.सि.जि, एक्सरे र औषधिमा विशेष छुटको व्यवस्था गरिएको उनले बताए। शुभारम्भका अवसरमा सोमबार रक्तदान कार्यक्रमसमेत सम्पन्न भएको र ३५ यूनिट रगत संकलन भएको छ।

# नवीनमा होटल व्यवस्थापनसम्बन्धी अभिमुखीकरण



बुटवल। नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा कक्षा ११ व्यवस्थापन समूहअन्तर्गत होटल व्यवस्थापनमा अध्ययनरत विद्यार्थीहरुको अभिमुखीकरण कार्यक्रम सोमबार सम्पन्न भएको छ।

उक्त अवसरमा प्रमुख अतिथि बुटवल उप-महानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष एवं विद्यालयका संरक्षक रामचन्द्र क्षेत्रीले विद्यार्थीहरुले घोकेर अध्ययन गर्नुभन्दा बुझेर अध्ययन गरेमा पढाइ दिगो हुनेमा जोड दिँदै कक्षा कोठामा रहँदा तनमन र ध्यान दिन र कक्षा कोठामा रहँदा विषयवस्तुमा केन्द्रित हुन आग्रह गर्दै अहिलेको समय प्रतिस्पर्धाको भएकोले प्रतिस्पर्धा गर्न सक्ने अब्बल, दक्ष जनशक्ति आवश्यक पर्ने भएकोले लगनशील भएर श्रम बजारमा बिक्ने किसिमले लाग्न आग्रह गरे।

सहजकर्ता होटल व्यवस्थापनमा लामो अनुभव भएका दिवाकर प्रधानले होटल व्यवस्थापनको अहिलेको समयमा आवश्यकता माग तथा आकर्षण होटल व्यवस्थापनमा बढ्दै गएको हुँदा प्रयोगात्मक पक्षलाई ध्यानपूर्वक कार्यान्वयन गर्न आग्रह गरे।

विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले विद्यालयका समग्र अवस्थाको बारेमा प्रकाश पारेका थिए।

विद्यालयका सहायक प्रधानाध्यापक अर्जुन खनालले विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता २०८२ को सम्बन्धमा सहजीकरण गरेको कार्यक्रममा व्यवस्थापन समूह कक्षा ११ का इन्चार्ज जयराम पन्थी र होटल व्यवस्थापनका

संयोजक आशिष के.सी. लगायतले धारणा राखेका थिए। कार्यक्रमको सञ्चालन व्यवस्थापन समूह कक्षा १२ कि विद्यार्थी रक्षा भट्टराई गरेकी थिइन्।

कार्यक्रममा सांस्कृतिक संयोजक अर्जुन शाह ठकुरीको नेतृत्वमा विद्यार्थीहरुले रोचक नृत्य प्रस्तुत गरेका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

स्तनपान गराऔं, बाल स्वास्थ्यमा सुधार
- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (विगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पूरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पूरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं।
- आमाको दूध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ।
- चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं।
विश्व स्तनपान सप्ताह सफल पारौं।
नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com